# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड
## GANAPATI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)


### प्रेस विज्ञप्ती / Press Release

### Global Money Week-2026 संचालन संम्बन्धमा

यस गणपति लघुवित्त वित्तीय संस्थाले मार्च *१६ देखि २२ (२०८२ चैत्र २ देखि ८ गते सम्म) "ग्लोबल मनी विक* ***Global Money Week-GMW)"*** मनाउने निर्णय गरेको छ। बालबालिका, युवा तथा आम जनमानसमा वित्तीय शिक्षाको सामान्य ज्ञानमा समेत पहुँच कम भई रहेको अवस्थामा विश्व वित्तीय सप्ताह कार्यक्रमले वित्तिय चेतना अभिबृद्धी मार्फत वित्तीय व्यवहारको दिगोपन र सवल वित्तीय वातारण निर्माणमा ठूलो योगदान पुऱ्याउनेमा संस्था विश्वस्त रहेको छ।

यो सप्ताह युवाहरुमा वित्तीय शिक्षाको महत्व बारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रुपमा मनाइने साप्ताहिक अभियान हो। सन् २०१२ देखि हरेक वर्षको मार्च महिनामा मनाउन सुरू गरिएको यो सप्ताह Organization of Economic Cooperation and Development (OECD) को संयोजनमा विश्वका धेरै मुलुकमा मनाउने गरिन्छ। बालबालिका र युवालाई वित्तीय ज्ञान, सीप र मनोवृत्तिका साथै व्यावहारिक रुपमा सक्षम बनाउँदै विवेकशील वित्तीय निर्णय गर्न अभिप्रेरित गर्दै आर्थिक सम्वृद्धिमा सघाउ पुऱ्याउने उद्देश्यमा यो सप्ताह केन्द्रित रहँदै आएको छ। यो कार्यक्रम १४ औं श्रृंखलाका रुपमा मनाउन लागिएको हो। Global Money Week को स्थायी नारा **Learn.Save.Earn.** रहेको छ भने चौधौं श्रृंखलाका रुपमा मनाइने Global Money Week-2026 को मुख्य नारा/थिम **'Smart money Talks'** रहेको छ। यस वर्षको थिमले बालबालिका र युवाहरुमा वित्तीय साक्षरता एवं चेतना अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृतिको विकासमा जोड दिएको छ।

**वित्तीय संस्थाले यस कार्यक्रमलाई देहाय बमोजिम संचालन गर्ने योजना बनाएको छ।**

१. मार्च १६, २०२६ (२०८२ चैत्र २ गते, सोमबार) वित्तीय संस्थाको **केन्द्रीय कार्यालय, दुलेगौंडा, तनहुँमा** कार्यरत सम्पूर्ण कर्मचारीहरु बीच वित्तीय जनचेतना विषयमा अर्न्तक्रिया तथा **"ग्लोबल मनी विक Global Money Week-2026"** को थिम **'Smart money Talks'** विषयमा छलफल गरिने साथै कार्यक्रमका सम्पूर्ण गतिविधिहरु संस्थाको आधिकारिक वेवसाइट, तथा संस्थाको आधिकारिक फेसबुक पेजमा राखिने।

२. मार्च १६, २०२६ (२०८२ चैत्र २ गते, सोमबार), शाखा कार्यालय **भुमही, नवलपरासीमा** वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम गरिने।

३. मार्च १७, २०२६ (२०८२ चैत्र ३ गते, मंगलबार), शाखा कार्यालय **कावाशोती, नवलपुरमा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

४. मार्च १८, २०२६ (२०८२ चैत्र ४ गते, बुधबार), शाखा कार्यालय **भानु, तनहुँमा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

५. मार्च १९, २०२६ (२०८२ चैत्र ५ गते, विहिवार), शाखा कार्यालय **तुल्सीपुर दाङ्गमा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

६. मार्च २०, २०२६ (२०८२ चैत्र ६ गते, शुक्रवार), शाखा कार्यालय **खाङ्गसाङ्ग सिन्धुलीमा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

७. मार्च २१, २०२६ (२०८२ चैत्र ०७ गते, शनिवार), शाखा कार्यालय **घोराखोरी ओखलढुङ्गामा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

८. मार्च २२, २०२६ (२०८२ चैत्र ०८ गते आइतवार), शाखा कार्यालय **औंराबानी सुनसरीमा** वित्तीय सांक्षरता तथा सचेतना कार्यक्रयम गरिने।

वित्तीय संस्थाले हाल विपन्न वर्गमा सेवा दिदै आएकोमा, यस प्रकारको कार्यक्रयले त्यस वर्गलाई नै लक्षित गरि कार्यक्रयम गर्ने तथा बचतको आवश्यकता, बचत गर्ने उपाय, फजुल खर्चलाई निरुत्साहित गर्ने, युवा तथा साना साना बालबालिकाको उज्ज्वल भविष्यको लागि यस वर्ष Global Money Week-2026 को थिम **'Smart money Talks'** को मुल आशयलाई चरितार्थ बनाउने प्रयास संस्थाको रहने विश्वास लिएको छ।

भवदीय

..............................

विष्णु प्रसाद ढकाल

प्रमुख कार्यकारी अधिकृत